# प्रभाव दैनिक
National Daily



**विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं**

- सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
- सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
- तोकिएको स्थानमा मात्र विद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सवारी साधन पूर्ण रूपमा रोकिसकेपछि मात्र विद्यार्थीहरूलाई चढाऔं र आरालौं,
- विद्यार्थीहरु सिटमा बसिसकेपछि मात्र सवारी साधन गुडाऔं,
- विद्यार्थीहरूले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



वर्ष १० अंक २५९ काठमाडौं बिहीबार, ४ माघ २०८० Prabhab National Daily Thursday, January 18, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।–


त्रिविको प्रतिष्ठा जोगाउने चिन्ता

## बेथितिको कारक ९० थरी कानुन

### निमित्त कुलपति भुसाल भन्छन्- विद्यार्थी घटेको छैन



त्रिभुवन विश्वविद्यालयमा विद्यार्थी घटेको छैन । 'नेगेटिभ' भाष्य सुरू भएको छ । यसलाई नखुइल्याएसम्म अरू विश्वविद्यालय खुल्न मिल्दैन भनेर लागिरहेकाहरूले यसो गरेका हुन् ।

**प्रा.डा. शिवलाल भुसाल**
निमित्त कुलपति, त्रिवि

- अहिलेको मुख्य समस्या राजनीतिकरण । प्राध्यापक संघ, कर्मचारी संघ, विद्यार्थीको राजनीति छ । अर्को समस्या बजेटको हो ।
- अहिले त्रिविसँग एक हजार २१ वटा क्याम्पस रहेका छन् । त्यसलाई व्यवस्थापनमा समस्या रहेकोले संघीयताको ढाँचामा जानुपर्ने आवश्यकता ।
- त्रिविको क्यालेन्डर भद्रगोल भएकोप्रति सांसदहरूको चिन्ता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बुधबार राष्ट्रिय सभाका सांसदहरूले त्रिभुवन विश्वविद्यालय (त्रिवि)का क्याम्पसहरूमा विद्यार्थी घट्न लागेको भन्दै निमित्त कुलपति प्रा.डा. शिवलाल भुसालसँग गुनासो गरे । तर भुसालले भने त्रिविमा विद्यार्थी नघटेको दाबी गरे । 'विश्वविद्यालयमा विद्यार्थी घटेको छैन । नेगेटिभ भाष्य सुरु भएको छ । यसलाई नखुइल्याएसम्म अरु विश्वविद्यालय खुल्न मिल्दैन भनेर लागिरहेकाहरूले यसो गरेका हुन्,' भुसालले भने ।

राष्ट्रिय सभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी सञ्चालन समितिको बैठकमा भुसालले त्रिविमा अहिले पनि ३० हजार विद्यार्थी रहेको तर्क गरे । उनले त्रिविअन्तर्गत एक हजार २१ क्याम्पसले सम्बन्धन लिएको र विषय छनोटका कारण केही संकायमा विद्यार्थी घटेको स्वीकार गरे । यद्यपि वैदेशिक शिक्षाका लागि 'नो अब्जेक्सन लेटर (एनओसी)' लिने विद्यार्थीको संख्या ठूलो छ । साथै, रोजगारीको अभावका कारण बीचमै पढाइ छाड्ने (ड्रप आउट) हुनेको संख्या पनि बढ्दो छ ।

तर विषयगत अवसरका कारण विद्यार्थी एउटा विषय छाडेर अर्को विषयमा जाने गरेको भुसालको तर्क रह्यो । 'पहिले शिक्षा संकायमा टन्नै थिए, जागिर पाइने आशमा । अहिले त्यता धेरै भएपछि बढी विद्यार्थी व्यवस्थापनमा पुगे,' उनले भने । पछिल्लोपटक भने विद्यार्थीहरू आइटी (सूचना प्रविधि) तर्फ मोडिएको उनको भनाइ थियो ।

### त्रिवि बिग्रेको राजनीति र बजेट अभावले

बैठकमा सांसदहरूले त्रिविको प्रतिष्ठा खस्केकोमा चिन्ता गरेका थिए । सांसद मोहम्मद खालिदले त्रिविको वार्षिक क्यालेन्डर अस्तव्यस्त भएको कुरा उठाए । उनले समयमा रिजल्ट (नतिजा) नआउँदा विद्यार्थीहरू विदेश जानुपर्ने अवस्था रहेको बताए ।

सांसद नरबहादुर विष्टले संविधानसापेक्ष ढंगले विश्वविद्यालय चल्न नसकेको र त्यहाँबाट उत्पादन भएका विज्ञहरूले संविधानविपरीत धारणा दिने गरेको उल्लेख गरे ।

(क्रमशः पृष्ठ २ मा)

घातक हतियारको प्रयोग

## प्रहरीको बाध्यता कि लापारवाही



- शान्तिपूर्ण प्रदर्शन, भीड र दंगाहरूमा घातक हतियार प्रयोग
- निहत्था नागरिकको ज्यान जाँदै
- घातक हतियारमा प्रतिबन्ध लगाउन माग गर्दै सर्वोच्चमा रिट
- पर्याप्त मात्रामा हेल्मेट, सुरक्षा ज्याकेट, बुलेट प्रुफ साधन, रबरको गोली, अश्रुग्यासलगायत अभाव



आफ्ना माग स्वतन्त्ररूपमा राख्न पाउने संवैधानिक अधिकार प्रयोग गर्दा घातक हतियार प्रयोग गरेर ज्यान लिनु मानवअधिकार विरूद्धमा छ । यो संविधानविरोधी पनि हो ।

**दिनेश त्रिपाठी**
वरिष्ठ अधिवक्ता



भीड नियन्त्रण गर्ने सामग्रीहरु हामीसँग नभएको त होइन । छन् तर परिवर्तित परिस्थितिमा केही अपुग छ । चाहिएको छ र जसको खरिद प्रक्रिया अघि बढाइएको छ ।

**भीमप्रसाद ढकाल**
प्रवक्ता, नेपाल प्रहरी

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाल प्रहरीले भीड तथा दंगा नियन्त्रणमा घातक हतियारको प्रयोग बारम्बार गर्दै आएको छ । जसबाट निहत्था नागरिकले ज्यान गुमाउनुपरेको छ । पछिल्लोपटक २० पुसमा प्रहरीको गोली लागेर सर्लाहीको बरहथवामा ३० वर्षीय जयशंकर साहको मृत्यु भयो । आठ जना घाइते भए । नगर अस्पताललाई प्रादेशिक बनाउने कि नबनाउने भन्ने विषयमा उत्पन्न तनावले झडपको रूप लिँदा झडप नियन्त्रणमा लिन प्रहरीले गोली चलाउँदा साहको मृत्यु भएको हो ।

त्यसको एक साताअघि १३ पुसमा ललितपुरको बालकुमारीमा दक्षिण कोरिया जानका लागि आवश्यक रोजगार अनुमति प्रणाली (इपिएस) परीक्षाको विषयलाई लिएर भएको प्रदर्शनमा दुई जनाको मृत्यु भएको थियो । प्रदर्शनले उग्ररूप लिएपछि भीड नियन्त्रण गर्न प्रहरीले गोली चलाउँदा वीरेन्द्र शाह र सुजन राउतको मृत्यु भएको थियो । उक्त घटनामा १० जनाभन्दा बढी घाइते भए ।

यी त भए प्रहरीले भीड नियन्त्रण गर्ने नाममा प्रयोग गरेको घातक हतियारले निहत्था नागरिकको ज्यान गएको पछिल्ला प्रतिनिधिमूलक दुई घटना । यसअघि पनि यस्ता घटना बारम्बार भएका थिए । यस्तो कार्यले नागरिकको अभिव्यक्ति स्वतन्त्रतादेखि बाँच्न पाउनेसम्मको हकको हनन् भएको कानुनीवृत्तमा टिप्पणी हुँदै आएको छ ।

यहीबीच शान्तिपूर्ण रूपमा हुने प्रदर्शन, भीड र दंगामा सुरक्षाकर्मीले घातक हतियार प्रयोग गरी नागरिकको ज्यान गएको भन्दै घातक हतियारमा रोक लगाउन आदेशको मागसहित सर्वोच्च अदालतमा बुधबार रिट निवेदन दर्ता भएको छ । शान्तिपूर्ण प्रदर्शनमा धातुको गोली (मेटल बुलेट) प्रयोगमा रोक लगाउनुपर्ने माग रिटमा छ । रिट निवेदक वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी हुन् ।

रिटमा उनले प्रहरीलाई दिइने भीड नियन्त्रणको तालिमका क्रममा नै अहिंसात्मक तौरतरिका सिकाउनुपर्ने माग गरेका छन् । त्यो विषयलाई अनिवार्य तालिममा समावेश हुनुपर्ने पनि रिटमा भनिएको छ । रिट निवेदनको टुंगो नलाग्दासम्म प्राणघातक हतियारको प्रयोग नगर्नू र नगराउनू भनी अन्तरिम आदेश जारी गर्न माग गरेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## रोजगारी खोज्दै पुसमा ६६ हजार नेपाली विदेसिए



**धेरै श्रमिक गएका मुलुक**

| | |
|---|---|
| युएई | १६,३८५ |
| साउदी | १४,७०३ |
| कतार | १३,०१४ |
| मलेसिया | ८,०९१ |
| कुवेत | ३,५१८ |
| जापान | १,१९९ |
| रोमानिया | १,०५८ |
| बहराइन | ९९४ |
| ओमान | ६८३ |
| माल्दिभ्स | ६२१ |

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को छैटौं महिना अर्थात् पुसमा रोजगारीका लागि झण्डै ६६ हजार नेपाली विदेसिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार पुस महिनामा ६५ हजार ८१३ जना नेपाली रोजगारी खोज्दै १०५ वटा मुलुकमा पुगेका हुन् । यसमा नयाँ तथा पुनः श्रम स्वीकृति लिएर जाने दुवैतर्फका रहेका छन् ।

विभागको तथ्यांकअनुसार पुसमा विदेशिने नेपालीको संख्या गत मंसिर महिनाकोभन्दा पाँच हजार ४६३ ले न्यून हो । मंसिरमा ७१ हजार २७६ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए । चालु आवको छ महिनाभित्र मंसिरमा श्रम स्वीकृति लिनेको संख्या सबैभन्दा बढी हो ।

चालु आवको सुरुआती महिनादेखि नै संयुक्त अरब इमिरेट्स (युएई) नेपाली श्रमिकहरूको पहिलो गन्तव्य बन्न सफल भएको छ । विभागको तथ्यांकअनुसार युएईका लागि १६ हजार ३८५ जनाले श्रम स्वीकृति लिएका छन् । गत मंसिर महिनामा युएई जाने नेपालीको संख्या १८ हजार ४९३ रहेको थियो । यस्तै मंसिरमा रोजगारीका लागि साउदी अरेबिया जान १४ हजार ३०७ जनाले श्रम स्वीकृति लिएका छन् । दोस्रो स्थानमा परेको साउदी जाने नेपालीको संख्या मंसिरको भन्दा ७१९ जना बढी रहेको छ । त्यसैगरी तेस्रो स्थानमा रहेको कतारमा १३ हजार १४ जना श्रम स्वीकृति लिएर पुगेका छन् । यसअघि मंसिर महिनामा कतार जाने नेपालीको संख्या १४ हजार १५२ रहेको थियो । चालु आव सुरु भएयता कतार र साउदी जाने नेपालीको संख्या बराबरी जस्तो देखिए पनि युएई जाने संख्यामा उल्लेख्य वृद्धि भएको विभागको तथ्यांक छ ।

यसैगरी गत आर्थिक वर्षभरि पहिलो स्थान ओगटेको मलेसिया छ महिनासम्म पनि चौथो स्थानमै रहेको छ । मलेसिया जान आठ हजार ९१ जनाले मंसिरमा श्रम स्वीकृति लिएका छन् । यस्तै पाँचौं स्थानमा परेको कुवेतमा तीन हजार ५१८ जना नेपाली श्रमिक रोजगारीका लागि पुगेका छन् । कुवेत जाने श्रमिकहरूको संख्या पनि क्रमशः बढेको छ । उल्लेखित पाँच मुलुकले नै नेपालको वैदेशिक रोजगारीको ठूलो हिस्सा (झण्डै ८० प्रतिशतभन्दा बढी) ओगटेको विभागको तथ्यांकबाट देखिएको छ ।

यसैगरी जापान एक हजार १९९, रोमानिया एक हजार ५८, बहराइन ९९४, ओमान ६८३, माल्दिभ्स ६२१, क्रोएसिया ५५८, मोरिसस जान ४८१ र साइप्रसका लागि ३५७ जनाले श्रम स्वीकृति लिएका छन् । त्यस्तै मंसिर महिनामा इपिएस प्रणालीमार्फत दक्षिण कोरिया जाने नेपालीको संख्या एक हजार ४२५ रहेको छ । विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने ३१ हजार ३९८ जना छन् ।

(क्रमशः पृष्ठ २ मा)


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### प्रहरीको बाध्यता...

'आफ्ना माग स्वतन्त्ररूपमा राख्न पाउने संवैधानिक अधिकार प्रयोग गर्दा घातक हतियार प्रयोग गरेर ज्यान लिनु मानवअधिकार विरुद्धमा छ । यो संविधानविरोधी पनि हो । किनभने जीवनको अधिकार संविधानमा छ,' उनले प्रभावसँग भने, 'तर, प्रहरीको सिपाहीलेचाहिँ डचाङडचाङ गोली ठोकेर मार्न पाउने ? यो भन्दा अर्को नाजायज कुरा के हुन्छ ? त्यसकारण प्रतिबन्धित गर्नुपर्‍यो भनेर माग गरेको हुँ ।'

प्रहरीसँग आत्मसुरक्षाको साधन अभाव भएको भन्दै उनले त्यसले गर्दा पनि अत्यधिक बल प्रयोग भएको दाबी गरेका छन् । प्रहरीलाई पर्याप्त मात्रामा हेल्मेट, सुरक्षा ज्याकेट, बुलेट प्रुफ साधन उपलब्ध गराउनुपर्ने उनको माग छ । प्रहरीलाई मानव अधिकार र लोकतन्त्रमैत्री बनाउनु आवश्यक रहेको पनि त्रिपाठी बताउँछन् । 'पञ्चायतकालमा जस्तो दमन गर्ने प्रहरी होइन । अहिले त नागरिक अधिकार रक्षाको प्रहरी हुनुपर्‍यो । मानवअधिकारमैत्री ढंगले भीड नियन्त्रण गरिनुपर्छ,' त्रिपाठीले भने ।

निहत्था नागरिकमाथि घातक हतियारको प्रयोग गर्ने एव जीवन अपहरणमा संलग्न जो कोहीलाई 'कमान्ड रेस्पोन्सिबिलिटी'अन्तर्गत गैरकानुनी आदेश दिने वा सो आदेशको कार्यान्वयन गर्नेलाई पनि ज्यानसम्बन्धी कसूरमा मुद्दाको अभियोजन गर्ने मार्गप्रशस्त गर्नेगरी आदेश माग भएको छ ।

नेपाल प्रहरीका नवनियुक्त प्रवक्ता तथा प्रहरी नायव महानिरीक्षक भीमप्रसाद ढकालले भने भीड नियन्त्रणका लागि आवश्यक केही सामग्री खरिद गर्ने प्रक्रिया सुरु भएको दाबी गरे । उनले भीड नियन्त्रणका सामग्री केही भएको तर परिवर्तित परिस्थितिमा थप सामग्री चाहिएको बताए । 'भीड नियन्त्रण गर्ने सामग्रीहरू हामीसँग नभएको त होइन । छन् तर परिवर्तित परिस्थितिमा केही अपुग छ,' उनले भने, 'चाहिएको छ र जसको खरिद प्रक्रिया अघि बढाइएको छ ।'

भीड नियन्त्रणका लागि प्रहरीले अश्रुग्यास प्रयोग गर्दै आएको छ । तर, म्याद गुज्रिसकेको मात्रै रहेको यसअघि नै प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले संसदीय समिति बैठकमा बताएका थिए । प्रहरी अधिकारीहरूका अनुसार म्याद गुज्रिएको हुनाले त्यहाँबाट आँखा पोल्नेगरी धुवाँ आउँदैन । भीड नियन्त्रणमै प्रयोग गरिने लचकदार लाठी प्रहरीसँग छैन । कडा खालको काठको लाठी छ । जुन लाठीको प्रहार टाउकोमा परे मृत्यु हुने सम्भावना हुन्छ । रबर बुलेट पनि छैन । जसले गर्दा मेटल बुलेट प्रयोग गर्दा ज्यान जाने गरेको छ । तर, अहिले भने खरिद प्रक्रिया अघि बढाइएको प्रहरी प्रवक्ता ढकालले बताए ।

भीड नियन्त्रणको सिद्धान्तले भने बल प्रयोग गर्दा संयम अपनाएर सकेसम्म कम क्षतिमा नियन्त्रण गर्नुपर्ने भन्छ । यससम्बन्धी ऐनको दफा (६) को उपदफा (ख) मा 'भीड हटेन र गोली चलाउनुपर्ने नै भयो भने घुँडामुनि पारी गोली चलाउनका लागि आदेश लेखी सही गरेर दिने,' उल्लेख छ ।

ललितपुरको बालकुमारी र सर्लाहीको बरहथवामा यो प्रक्रियासमेत फिल्डमा खटिएका प्रहरी अधिकारीले अवलम्बन गरेनन् । यो छानबिन समितिको प्रारम्भिक अनुसन्धानले देखाएको छ । सीधै गोली प्रहार गरेर ज्यान लिएको देखिएको उल्लेख छ । यो भनेको स्थानीय प्रशासन ऐन, २०२८ ले शान्ति सुरक्षा कायम हुन नसक्ने अन्तिम विकल्पमामात्रै सुरक्षाकर्मीले गोली चलाउन सक्ने भन्ने प्रावधानविपरीत पनि हो ।

गत मंसिरको २७ गते बाराको सिम्रौनगढ नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउने र गराउन नदिने दुई पक्षबीच झडप हुँदा नियन्त्रणका लागि प्रहरीले गोली चलाउँदा २५ वर्षीय लक्ष्मी मुखियाको मृत्यु भयो । यसअघि प्रहरीले भीड नियन्त्रणका लागि भन्दै हानेको गोली लागेर २४ जेठ २०७९ मा बर्दियाको ओराली बजारमा १८ वर्षीया नवीना थारुको मृत्यु भएको थियो । त्यसबेला स्थानीयवासी बाघ स्थानान्तरणको माग गर्दै आन्दोलित भएका थिए । आन्दोलनकारी र प्रहरीबीच झडप हुँदा प्रहरीले गोली चलाउँदा थारुको मृत्यु भएको थियो । भीड नियन्त्रणका लागि भन्दै प्रहरीले मेटल बुलेट चलाउने गरेको छ । जसबाट निहत्था नागरिकले ज्यान गुमाउनुपरेको छ ।

● ● ●

### बेथितिको कारक...

सांसद सुमित्रा बिसीले त्रिविको क्यालेन्डर भद्रगोल रहेको बताइन् । सांसद गोमा तिमिल्सिनाले त्रिभुवन विश्वविद्यालयका कर्मचारीले मार्कसिटलगायतमा नाम बिगारिदिने समस्या रहेको उल्लेख गरिन् ।

'त्रिविमा सधैं ढिलासुस्ती हुने गरेको छ । सरकारले बजेट दिए पनि किन समयमा काम हुन नसकेको हो ?,' समिति सदस्य तुलसा दाहालले प्रश्न गरेकी थिइन् । समितिमा सदस्यहरूले कर्मचारी गैरजिम्मेवार भएका कारण विद्यार्थीले हैरानी पाएको गुनासो गरेका थिए ।

तर निमित्त उपकुलपति प्रा.डा. भुसालले भने बजेट नहुँदा र चरम राजनीतिका कारण त्रिवि क्यालेन्डरअनुसार चल्न नसकेको उल्टै गुनासो गरे । 'अहिलेको मुख्य समस्या राजनीतिकरण नै हो । प्राध्यापक संघ, कर्मचारी संघ, विद्यार्थीको राजनीति छ । अर्को समस्या बजेट अभाव हो,' भुसालले भने, 'पार्लियामेन्ट (संसद्) चलाउनुभन्दा गाह्रो छ ।'

#### त्रिविका ९० थरी कानुन

संसदीय समितिमा भुसालले सुरुमै त्रिविका ९० कानुनी व्यवस्था प्रस्तुत गरेका थिए । त्यसपछि सांसदहरूले यो विषयमा उपकुलपति भुसाललाई प्रश्न राखे । 'एउटा विश्वविद्यालयका लागि ९० वटा कानुन बनाउनु नै बेथितिको सुरुआत हो,' समिति सदस्य गरिमा शाहले भनिन् । सदस्य गोमा तिमिल्सिनाले पनि असंख्य विनियमावली रहेको बताइन् ।

धेरै कानुन रहेको स्वीकार गर्दै उपकुलपति भुसाल त्यसलाई एकीकृत गर्नुपर्ने बताउँछन् । 'त्रिवि स्थापनाकालमा बनेको पुरानो कानुन हो । आवश्यकताका आधारमा नियम विनियम बनाएर काम गर्दै आएका छौं, एकीकृत गर्नुपर्ने छ,' उनले भने, 'छाता ऐन आउने भनेर रोकिएको हो ।'

अहिले देश संघीयतामा गएकोले त्रिविको ऐन र व्यवहार नमिलिरहेको प्रा.डा. भुसालले बताए । उनले ऐनलाई समयानुकूल बनाउनुपर्नेमा जोड दिए । आफ्नै अध्यक्षतामा अब संघीयतामा त्रिभुवन विश्वविद्यालयलाई कसरी लैजाने भनेर धेरै विश्लेषण गरेकोसमेत उनले सुनाए ।

#### संघीयतामा भूगोलअनुसारको पाठ्यक्रम

बैठकमा सांसदहरूले संघीयताअनुसार प्रदेशमा विश्वविद्यालय भए पनि भूगोलअनुसारको पाठ्यक्रम बनाउनुपर्ने प्रस्ताव राखे । उनीहरूले तराईको भूगोल र पहाडको भूगोलको कृषि प्रणाली फरक हुने हुँदा कृषि विद्यालयमा एउटै खाले पढाइ हुन नहुने बताएका थिए ।

संघीयताअनुसार विद्यार्थीहरू विकेन्द्रीकृत नहुँदा त्रिविमा अर्को समस्या देखिएको भुसालको भनाइ थियो । 'संघीयता आएपछि धेरै विश्वविद्यालय खुले तर विद्यार्थी गएनन् । १७ वटा विश्वविद्यालय हुँदा पनि ८० प्रतिशत फेरि त्रिविले नै बोकिरहनुपर्ने ? भनेपछि अरूमा विद्यार्थी जान चाहेन । त्यसकारण प्रत्येक प्रदेशमा त्रिविलाई पठाइदिउँ भनेर हामीले एउटा योजना बनाएका छौं,' उनले भने, 'एकपटक हामीले सरकारसँग सहकार्य गर्‍यौं । अर्को सरकार आएपछि फेरि कुरा गर्दा-गर्दा हैरान भयौं । प्रदेशका मुख्यमन्त्रीको पनि स्वीकृति चाहियो । पार्टीका सबै शिक्षा हेर्ने मान्छेहरूको पनि सहमति चाहियो । त्यसलाई समन्वय गर्न नसकेर हामीले अगाडि बढाउन सकेका छैनौं ।'

संघमा अनुसन्धानमूलक सबैलाई गाइड गर्ने विश्वविद्यालय बनाउने र प्रत्येक प्रदेशमा त्रिभुवन विश्वविद्यालय पठाइदिने खाका बनिसकेको भुसालले बताए । अहिले त्रिविसँग अनुबन्धित रहेका एक हजार २१ वटा कलेज व्यवस्थापनमा समस्या रहेकोले संघीयताको ढाँचामा जान आवश्यक रहेको उनको भनाइ थियो ।

● ● ●

### रोजगारी खोज्दै...

पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३४ हजार ४१५ जना रहेका छन् । चालु आवको छैटौं महिनामा श्रम स्वीकृति लिनेमध्ये छ हजार ८४ जना महिला श्रमिक रहेको विभागले उल्लेख गरेको छ । पछिल्लो समय वैदेशिक रोजगारीका लागि युरोपेली मुलुकमा जान श्रम स्वीकृति लिने नेपालीको संख्या क्रमिक रूपमा बढ्दै गएको विभागको तथ्यांकबाट देखिएको छ ।

यस्तै जिल्लागत रूपमा धनुषाबाट सबैभन्दा बढी रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ । पुसमा धनुषाबाट तीन हजार ४४३ जना विदेसिएका छन् । त्यस्तै झापा दोस्रो स्थानमा रहेको छ । त्यहाँबाट तीन हजार १४१ जना श्रमिक विदेसिएका छन् । यस्तै तेस्रो स्थानमा रहेको मोरङबाट दुई हजार ८२५ जना रोजगारीका लागि बाहिरिएका छन् । चौथोमा रहेको सिरहाबाट दुई हजार ६५६ र पाँचौंमा रहेको महोत्तरीबाट दुई हजार ४६२ जना रहेका छन् । त्यसैगरी रूपन्देही, सुनसरी, चितवन, स्याङ्जा, सुर्खेत, सर्लाही, तनहुँ, दाङ, नवलपरासी पूर्व, मकवानपुर, कास्की, कपिलवस्तु, धादिङ, काभ्रे, रौतहट, बारा, बागलुङबाट पनि वैदेशिक रोजगारीका लागि जाने नेपालीहरूको संख्या ठूलो रहेको विभागको तथ्यांकले देखाएको छ ।

# नसर्ने रोगको उपचारमा पहुँच बढाइँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले नसर्ने रोगका कारण हुने सामाजिक र आर्थिक भार तथा मानवीय क्षतिलाई कम गर्न उपचार सेवाको पहुँचलाई विस्तार गर्ने लक्ष्य लिएको छ । यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बहुक्षेत्रीय कार्ययोजना र रणनीति कार्यान्वयनमा ल्याएको छ । पछिल्लो समय मुटु, पक्षघात, उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दमजस्ता रोगीको संख्या बढ्दै गएको जनाइएको छ ।

राष्ट्रिय सभाअन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिको मंगलबारको बैठकमा मन्त्रालयका सचिव डा. रोशन पोखरेलले प्राथमिक सेवाद्वारा रोगको प्रभावकारी तथा स्रोतले भ्याउन सक्ने रोकथाम तथा उपचारलाई सरकारले प्राथमिकतामा राखेको जानकारी दिए । नसर्ने रोगको उपचारमा एकरूपता, समयमै गुणस्तरीय निदान, रोकथाम तथा नियन्त्रणका लागि परामर्श, स्वास्थ्य संस्था, विद्यालय र समुदायबीच समन्वय तथा स्वास्थ्य सेवामा समतामूलक पहुँच र कार्यदक्षता बढाउने रणनीतिको उद्देश्य रहेको छ ।

एक व्यक्तिबाट अर्को व्यक्तिमा नसर्ने, सूक्ष्म जीवाणुका माध्यमबाट नहुने रोगलाई साधारणतया नसर्ने रोग भन्ने गरिन्छ । विश्व स्वास्थ्य संगठनका सदस्य राष्ट्रले नसर्ने रोगका कारण हुने अल्पायु मृत्यु सन् २०२५ सम्ममा २५ प्रतिशतले घटाउने लक्ष्य लिएका छन् । दिगो विकास लक्ष्यलेसमेत एक तिहाइ नसर्ने रोगका कारणले हुने मृत्यु घटाउने लक्ष्य लिएको छ । उक्त लक्ष्य प्राप्तिका निम्ति सदस्य राष्ट्रले विभिन्न रणनीतिक कार्ययोजना र अवधारणसहित मार्गचित्र कोरेका छन् ।

त्यस पक्षलाई ध्यान दिँदै नेपाले पनि नसर्ने रोगको रोकथाम र नियन्त्रणका लागि नीतिगत, रणीतिगत विभिन्न कार्ययोजना अघि सारेको छ । व्यक्तिको अल्पायुमै मृत्य हुने तथा स्वास्थय क्षेत्रमा धेरै धनराशिको खर्च गराउने यी रोगहरू पछिल्लो समय विश्वका प्रमुख महामारीका रूपमा देखापरिरहेको छ ।

लामो अवधि र साधारणतया सुस्त गतिमा प्रभाव पार्ने मुटु तथा रक्तनलीका रोग, मिर्गौला, मधुमेह, दीर्घ श्वासप्रश्वास र क्यान्सरलगायत नसर्ने रोगको सूचीमा पर्छन् । मोटोपन, रक्तचाप, रगतमा गुल्कोज, धूमपान तथा सुर्तीजन्य पदार्थको प्रयोग र मद्यपान, अस्वस्थ्य खानपिन, पर्याप्त शारीरिक गतिविधिजस्ता व्यवहारले यी रोग निम्त्याउँछ ।

नसर्ने रोगकै कारण ७१ प्रतिशत मानिसको मृत्यु हुँदै आएको छ । २१ प्रतिशत भने विभिन्न सरुवा रोगबाट मानिसको ज्यान जाने मन्त्रालयको भनाइ छ । बाँकी दैवीप्रकोप, दुर्घटना र आत्महत्याजस्ता विभिन्न कारणबाट मानिसको ज्यान जाने गर्छ । एक तथ्यांकअनुसार १७ प्रतिशत महिला र २९.८ प्रतिशत व्यक्तिले कुनै न कुनै प्रकारको तनाव झेल्नुपरेको भएता पनि त्यसमध्ये ९० प्रतिशतले कुनै उपचार नगराउने गरेको सचिव डा. पोखरेलले बताए ।

यसैबीच, आगामी सन् २०३० सम्ममा मधुमेहले गर्दा लाग्ने रोगका कारण मृत्यु हुनेको संख्या बढेर ११ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ । लगभग ९६.७ प्रतिशत मानिस सिफारिसअनुसार खानुपर्ने सागसब्जी र फलफूल खाँदैनन् ।

नसर्ने रोगका प्रमुख कारकमा शारीरिक निष्क्रियता, धूमपान, मद्यपानको प्रयोग र अस्वस्थ्य खानपान नै हुन् । नसर्ने रोगका लागि मानिसका लागि प्रभावकारी तथा समतामूलक रोकथाम, उपचार तथा हेरचाह भएको जनाइएको छ । मन्त्रालयका अर्की सचिव देवकुमारी गुरागाईंले राज्यबाट प्रदान गरिने स्वास्थ्य उपचारसम्बन्धी सेवा र सुविधाबारे अझै धेरैलाई थाहा नभएकाले प्रचारप्रसारको व्यापक आवश्यकता भएको बताउँदै उपलब्ध जनशक्ति र पूर्वाधारको अधिकतम प्रयोग गर्नेमा राज्यको ध्यान जान जरुरी रहेको धारणा राखिन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARC LINK CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८०/१०/०२ LT. No. 298050 चलानी नं. ६०२१३१३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 44 | 0 | 1200 | ४२,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ११ गते (25th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम इजाजत नं.८३३/०६६/०६७

Target Consultant Human Resources Pvt. Ltd.

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HIMALAYAN KASTURI RESTAURANT

पुर्व स्वीकृति मिति २०७९/१०/०३ LT. No 298084 चलानी नं. ६०२१३१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 1 | 0 | 1600 | ५८,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 2500 | ९१,४८० | | | | | | | |
| 3 | Cooker | 2 | 0 | 1900 | ६९,१२५ | | | | | | | |
| 4 | General Clean Worker | 2 | 0 | 1500 | ५४,८८५ | | | | | | | |
| 5 | Waiter | 2 | 0 | 1700 | ६२,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ११ देखि १४ गते (25-28 Jan. 2024) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd

Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal

Tel : +977-1-4521448 E-mail : info@superbultimate.com

Webiste :www.superbultimate.com



## प्रमाण-पत्र हराएको सूचना

मिति २०८०/१०/०१ गते ग्वर्कोबाट पाटन तर्फ आउँदा मेरो SLC देखिका शैक्षिक प्रमाण-पत्र Index No. : B/8399/020 ( Indian School Certificate Year-12), लगाएत अत्यावश्यक कागजातहरु भएको ब्याग (Bag) हराएको हुँदा पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न सम्पर्क नं.मा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : जेकी महर्जन सिंह

ना.प्र.नं. : १७१६८

फोन : ९८५१०७३१०३


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

माघ ४ गते २०८०, बिहीबार

| | |
|---|---|
| मेष | धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । |
| वृष | प्रेममा मनमुटावका साथै मन कमजोर रहला । |
| मिथुन | आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् । |
| कर्कट | रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । |
| सिंह | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ । |
| कन्या | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| तुला | अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला । |
| वृश्चिक | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ । |
| धनु | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| मकर | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला । |
| कुम्भ | प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ । |
| मीन | स्वास्थ्य क्षेत्र निर्बल रहने भएकाले सजगता अपनाउनु होला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

माघ ४ गते, २०८०, १८ जनवरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६२ | १३३.२२ |
| युरो | १ को | १४४.४२ | १४५.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.५८ | १६८.३४ |
| स्विस फ्रैन्क | १ को | १५४.१० | १५४.८० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५५ | ८७.९५ |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९८.९२ | ९९.३७ |
| जापानी येन | १० को | ९.०४ | ९.०८ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.३६ | ३५.५२ |
| कतारी रियाल | १ को | ३६.३६ | ३६.५२ |
| थाई भाट | १ को | ३.७५ | ३.७७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.११ | ३६.२७ |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९२ | ९.९७ |
| स्विडिस क्रोनर | १ को | १२.७४ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.३६ | १९.४५ |
| हङकङ डलर | १ को | १६.९५ | १७.०३ |
| कुवेती दिनार | १ को | ४३०.९५ | ४३२.९० |
| बहराइन दिनार | १ को | ३५१.८१ | ३५३.४० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधधालचदायचनालउ मा उपलब्ध हुनेछ ।

# मेलम्चीको पानीको गुणस्तरमा शंका नगर्न मन्त्रालयको अपिल

**काठमाडौं (प्रस)–** सरकारले काठमाडौंमा वितरण गरिएको मेलम्चीको पानीको गुणस्तरमा शंका नगर्न आग्रह गरेको छ । पछिल्लोपटक गत सोमबारदेखि काठमाडौंमा वितरण सुरु भएको मेलम्चीको पानीको गुणस्तरमा शंका नगर्न खानेपानी मन्त्रालयले सबैमा अपिल गरेको हो ।

मन्त्रालयकी सहसचिव तथा प्रवक्ता मीना श्रेष्ठले बुधबार एक सूचना प्रकाशित गरी मेलम्चीको पानी विश्व स्वास्थ्य संगठनको मापदण्डबमोजिम शुद्ध भएको र मेलम्चीको पानी प्रशोधन गरेर शुद्ध पारेपछि उपभोक्ताको धारामा वितरण गरिएको भन्दै पानीको गुणस्तरीयतामा शंका नगर्न आग्रह गरिन् ।

'मेलम्ची खानेपानी आयोजनाको प्रशोधन केन्द्र सुन्दरीजलमा विश्व स्वास्थ्य संगठनको मापदण्डबमोजिम प्रशोधन गरी प्रसारण गरिएको छ । पुराना पाइप लाइनहरू लामो समयसम्म सञ्चालन नहुँदा पाइपमा रहेको माटोको अवशेषका कारण पानी वितरणका क्रममा केही समय पानी धमिलो आउनसक्ने भए पनि 'फ्लसिङ' सँगै क्रमशः सफा पानी प्रवाह हुने भएकाले खानेपानीको गुणस्तरमा शंका नगर्न र बाहिरी हल्लाको पछि नलाग्न मन्त्रालय र मन्त्रालय मातहत खानेपानी उत्पादन र वितरणसँग सम्बन्धित निकायहरू सबैमा हार्दिक अपिल गर्दछ,' मन्त्रालयद्वारा बुधबार प्रकाशित उक्त सूचनामा उल्लेख गरिएको छ ।

पछिल्लोपटक सोमबारदेखि वितरण गरिएको मेलम्चीको पानी धमिलो आएको र यसको गुणस्तरमा शंका लागेको भन्ने समाचार आएपछि मन्त्रालयले बुधबार यो अपिल गरेको हो ।

यसैबीच, मेलम्ची खानेपानी वितरणको समस्या समाधानका लागि सरकारले सहजीकरण समिति गठन गरेकाले कुनै समस्या भएमा सो समितिमा खबर गर्नसमेत सो सूचनामा आग्रह गरिएको छ । मेलम्ची आयोजनाबाट दैनिक १७ करोड लिटर पानी काठमाडौंमा वितरण गर्ने सरकारको लक्ष्य रहेको जनाइएको छ ।

# इञ्जिनियरिङ पढ्ने कार्यालय नै जीर्ण !

**ललितपुर–** ललितपुरको पुल्चोकमा वीर शमशेरले आनन्द शमशेरका लागि निर्माण गरेको ऐतिहासिक राणाकालीन दरबार छ । यही ऐतिहासिक दरबारमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतको इञ्जिनियरिङ अध्ययन संस्थान र पुल्चोक क्याम्पसको प्रशासन रहेको छ ।

वास्तुकला र युरोपेली शैलीमा निर्माण भएको आनन्द निकेतन राणाकालीन ऐतिहासिक दरबारमा वि.सं. २०२३ देखि नेपाल इञ्जिनियरिङ इन्स्टिच्युट सरेको थियो । दरबार परिसरमा इञ्जिनियरिङ अध्ययन संस्थानका पहिलो डिन कुलरत्न तुलाधरको प्रतिमासमेत निर्माण गरिएको छ ।

वि.सं. १९९० को भूकम्पले सामान्य क्षति पुऱ्याए पनि वि.सं. २०७२ को भूकम्पले इञ्जिनियरिङ अध्ययन संस्थानको प्रशासन रहेको आनन्द निकेतन दबारलाई क्षति पुऱ्याएको थियो । भूकम्पले जीर्ण अवस्थामा रहेको ऐतिहासिक दरबारलाई इञ्जिनियरिङ अध्ययन संस्थान र पुल्चोक इञ्जिनियरिङ क्याम्पस प्रशासनले मर्मत गरेर सञ्चालन गरेको छ ।

ललितपुरमा रहेका ऐतिहासिक राणाकालीन दरबारहरू, हरिहर भवन र नारायण भवन संरक्षणको अभावमा अलपत्र छन् । पुल्चोकको आनन्द भवन भने मर्मतपछि प्रयोगमा आएको छ । भूकम्पपछि पानी चुहिने समस्या रहेको ऐतिहासिक दरबारलाई मर्मत गरेर पानी नचुहिने बनाएको क्याम्पस प्रमुख इन्द्रप्रसाद आचार्यले जनाए ।

वि.सं. २०७२ को भूकम्पपछि भारत सरकारबाट दुई अर्ब १९ करोड रूपैयाँ रकम इञ्जिनियरिङ अध्ययन संस्थानका भवन पुनःनिर्माणका लागि दिने सम्झौता भए पनि हालसम्म सहयोग नआएको पुल्चोक क्याम्पसका प्रमुख आचार्यले जानकारी दिए ।

भारत सरकारबाट आउने दुई अर्ब १९ करोड रूपैयाँ रकममध्येमा ३५ करोड रकम आनन्द निकेतन भवनको पुनःनिर्माणका लागि हो । विस्तृत परियोजना प्रस्ताव तयार भए पनि सम्झौताअनुसार अझै काम सुरु भएको छैन । ऐतिहासिक दरबार भूकम्पपछि चारैतिर चर्केको छ । कतिपय झ्याल फुटेका छन् । *रासस*

## हकदावी गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८० साल माघ ४ गते बिहिबार, प्रभाव राष्ट्रिय दैनिक)**

तपशिलमा उल्लेखित व्यक्तिको मृत्यु भएकोले प्रोग्रेशिभ फाइनान्स लिमिटेडका संस्थापक शेयरहरु मेरो नाममा नामसारी दा.खा. (दाखिल खारेज) दर्ता/मृत्यु पश्चात धितोपत्र हस्तान्तरण गरी पाऊँ भनी निज मृतकको **विवाहिता छोरी नाता पर्ने जानकी महर्जन**ले यस वित्तीय संस्थामा आवश्यक समर्थित् कागजातहरु सहित निवेदन दिनु भएको हुनाले निज मृतकको नामको संस्थापक शेयरहरुमा कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले **३५ दिन भित्र** आफ्नो प्रमाण सहित यस वित्तीय संस्थामा हकदावी गर्न आउनका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र पर्न नआएको हकदावी उपर कुनै कारवाही नहुने र निवेदकको माग वमोजिम हकदावी गर्नेमा मृतकको सम्पूर्ण शेयर मृत्यु नामसारी भई जाने साथै यस विषयमा फाइनान्स जिम्मेवार नहुने व्यहोरा समेत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | मृतकको विवरण | हकदावी गर्नेको विवरण |
|---|---|---|
| १. | **नामः जय कृष्ण महर्जन**<br>बुबाको नामः गोरे लाल महर्जन<br>आमाको नामः बिष्णु माया महर्जन<br>पत्नीको नामः योग माया महर्जन<br>बाजेको नामः बाबु लाल महर्जन<br>स्थायी ठेगानाः बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ७<br>हितग्राही परिचय नं. १३०१११००००२१८९७८<br>नागरिकता नं.ः साबिक ना.नम्बर ५९९५/०२४<br>जारी मितिः २०२४/०३/२७ को सट्टा<br>नयाँ ना.प्र जारीः २८-०१-७९-०३४१४<br>जारी मितिः २०७९/०६/०४<br>(जिल्ला प्रशासन कार्यालय, ललितपुर) | **नामः जानकी महर्जन**<br>बुबाको नामः जयकृष्ण महर्जन<br>आमाको नामः योग माया महर्जन<br>पतिको नामः बाबुकृष्ण महर्जन<br>बाजेको नामः गोरे लाल महर्जन<br>स्थायी ठेगानाः बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ३<br>हितग्राही परिचय नं. १३०१८६००००००९१७७<br>नागरिकता नं.- २६०५४,<br>जारी मिति २०४३/१०/१४<br>(जिल्ला प्रशासन कार्यालय, ललितपुर) |

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

**कर्पोरेट कार्यालय :**
तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५

## बर्दगोरिया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**मुडा, कैलाली**
**सु.प. प्रदेश, नेपाल**

## बोलपत्रको आशय सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/१०/०४ गते**

यस बर्दगोरिया गाउँपालिका कार्यालयको आ.व. २०८०/०८१ अर्न्तगत ठेक्का न. ०९/BRM/NCB/२०८०/०८१ को Coverd Hall Construction for Two Batminton Court, Bardagoriya Rural Municipality का लागि मिति २०८०/०८/२७ गतेको प्रकाशित सूचना अनुसार तपशिलमा उल्लेखित बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राहि देखिन आएकोले उल्लेखित बोलपत्रको स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का न. | निमार्ण फर्म/कम्पनी | कबोल रकम |
|---|---|---|
| ०९/BRM/NCB/२०८०/०८१ | श्री Premcy Nirman Sewa, Ghodaghodi Municipality-09, | ५३,८८,०५६।०० (मु.अ.क.र पि.एस. सहित ) |

**प्रमुख प्रशासकीय अधिकृत**
**प्रकाश ढुंगाना**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

## सडक डिभिजन सुर्खेत

## बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना

(प्रकाशित मितिः २०८०।१०।०४)

यस सडक डिभिजनको सूचना नं. ३-०८०/०८१, मिति २०८०।०८।१२ मा राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको website मा प्रकाशित बोलपत्रको सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मुल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| सि. नं. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस सहित) |
|---|---|---|---|
| १ | RDSKT/33731011-3/080/81-12 | M/S Nep Builders, Surkhet | १,४७६,७९७.०१ |
| २ | RDSKT/33701169-4/080/81-13 | M/S Bhupu R. Magar Construction Pvt. Ltd., Banke | ३,५८७,०५२.२३ |
| ३ | RDSKT/33731011-3/080/81-14 | M/S Rakshyalaxmi Construction Pvt. Ltd., Dailekh | ४,५३३,७८८.०८ |
| ४ | RDSKT/33701169-4/080/81-15 | M/S Royal DT Construction & Consultant Private Limited, Dolpa | ५,७६६,७५७.२६ |
| ५ | RDSKT/33731011-3/080/81-16 | M/S Barytech Infrastructure Pvt. Ltd., Kathmandu | ५,८१७,७३५.६३ |

**डिभिजन प्रमुख**

**Gandaki Province Government**
**Ministry of Physical Infrastructure, Development and Transport Management**
**Infrastructure Development Directorate**
## Infrastructure Development Office (IDO)
**Baglung**
**Gandaki Province, Nepal**

## Letter of Intent to Award the Contract

**(Publication Date: 18th January, 2024)**

As pursuant to Public Procurement Act 2063, Clause 27.2, this is to notify all the bidders who submitted their bids for the following contracts mentioned below, as per the online invitation for bids published on 28th & 30th November 2023 & 13th December,2024 on e-gp portal that the following listed Lowest Evaluated Substantially Responsive Bidders have been selected to award the contract.

| S. No. | Name Of Project | Contract ID | Lowest Evaluated Substantially Responsive Bidder | Winning Bidder' Quoted Amount(Nrs) With VAT and PS |
|---|---|---|---|---|
| 1 | Upgrading of Pakhute-Bayakhola-Ghiya Nisi masal Gawniseldhor Sadak, Nishikhola, Baglung | IDOBAGLUNG/NCBW/R/41/2080/81 | Kaucha Nirman Sewa | 17,73,698.96 |
| 2 | Upgrading of Dovisthan Lewang Pakhapani Sadak, Nishikhola-03 | IDOBAGLUNG/NCBW/R/40/2080/81 | Sahasrara Construction Pvt.Ltd. | 45,66,032.45 |
| 3 | Upgrading of Theuli Madi-Shako Road, Jaimini Municipality-04 | IDOBAGLUNG/NCBW/R/44/2080/81 | Tri Star Construction & Suppliers | 16,80,173.50 |

## बीमालेख हरायो

**मिति २०८०।०५।०२ गते गोकर्णबाट पेप्सीकोला फर्कदै गर्दा निम्न बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु।**

नाम :सुनिता कुमारी साह गुप्ता
बीमालेख नं.:२२०००१४८१
लाइफ इन्स्योरेन्स कर्पारेशन (नेपाल) लिमिटेड
ठेगाना : काठमाडौं, काँडाघारी
सम्पर्क नं : ९८१७७७५५०१

## मोटरसाईकल हरायो

मिति २०८०/०९/१४ गते, अन्दाजी दिउँसो ३:०० बजे पछी काठमाण्डौ जिल्ला, टोखा न. पा. वडा नं. ०८ जाल्पाचोकमा पार्किङ्ग गरेको अवस्थामा रहेको मोटरसाईकल नं. बा. प्र ०२-०४७ प ३५०२, कालो-रातो रङ्गको, पल्सर २२० सीसी, च्यासिस नं. **MD2A13EX8HCM83746** ईन्जिन नं. **DKXCHM38125** भएको मो.सा. हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न सम्पर्क नम्बरमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम : राम कुमार शर्मा**
**सम्पर्क : ९८४०८००८७२**


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LUSAIL STAR HOSPITALITY SERVICES AND GENERAL CLEANING SERVICE

पूर्व स्वीकृति मिति २०७९/०४/१५ — पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०३ — LT. No. 268307 — चलानी नं. ६०१८४१८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 0 | 1 | 1000 | ३४,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ ११ गते (25th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले — सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAZEM RAFIK MUHAMMED ABDEL QADIR AGRICULTURAL FARM

पूर्व स्वीकृति मिति : २०८०/०९/२९ — LT. No. 298001 — चलानी नं.: ६०२१३०४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fruit and Vegetable Preservation Labour | 2 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ ११ गते (25th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले — सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## Free Visa!! Free Ticket!! Free Recruitment !!
## युएईमा निःशुल्क वैदेशिक रोजगारको अवसर

कम्पनी : KELVIN CATERING SERVICES & FACILITIES MANAGEMENT EMIRATES L.L.C.

पूर्व स्वीकृति मिति २०८०/१०/०३ — LT. No. 297771 — चलानी नं. ६०२१३१३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Clerk | 4 | 0 | 1900 | ६८,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Administration Officer | 2 | 0 | 1800 | ६५,२९० | | | | | | | |
| 3 | Arabic Bread/Chapati Maker | 9 | 0 | 1000 | ३६,२७० | | | | | | | |
| 4 | Assistant housekeeping supervisor | 4 | 0 | 1200 | ४३,५२५ | | | | | | | |
| 5 | Asst Butcher | 3 | 0 | 1000 | ३६,२७० | | | | | | | |
| 6 | Asst pastry/Head baker | 6 | 0 | 1200 | ४३,५२५ | | | | | | | |
| 7 | Asst Salad Maker | 5 | 0 | 1000 | ३६,२७० | | | | | | | |
| 8 | Asst. Cook arabic/ Rice/Veg cutting | 10 | 0 | 1000 | ३६,२७० | | | | | | | |
| 9 | Baker | 9 | 0 | 2000 | ७२,५४० | | | | | | | |
| 10 | Barber | 4 | 0 | 1000 | ३६,२७० | | | | | | | |
| 11 | BUTCHER | 5 | 0 | 1200 | ४३,५२५ | | | | | | | |
| 12 | Carpenter | 3 | 0 | 1900 | ६८,९१५ | | | | | | | |
| 13 | Cleaner/Sweepers (General) | 10 | 20 | 1000 | ३६,२७० | | | | | | | |
| 14 | Continental Cook | 3 | 0 | 2600 | ९४,३०५ | | | | | | | |
| 15 | Driver | 5 | 0 | 1900 | ६८,९१५ | | | | | | | |
| 16 | electrician | 2 | 0 | 2200 | ७९,७९५ | | | | | | | |
| 17 | Ethnic Cook | 10 | 0 | 2000 | ७२,५४० | | | | | | | |
| 18 | Executive Chef | 1 | 0 | 5000 | १८१,३५५ | | | | | | | |
| 19 | General Technician | 2 | 0 | 2200 | ७९,७९५ | | | | | | | |
| 20 | GYM TRAINER | 3 | 0 | 2000 | ७२,५४० | | | | | | | |
| 21 | HEAD BAKER-PASTRY | 3 | 0 | 2200 | ७९,७९५ | | | | | | | |
| 22 | Head Chef - Commi -1 | 5 | 0 | 2200 | ७९,७९५ | | | | | | | |
| 23 | head housekeeper | 5 | 0 | 1800 | ६५,२९० | | | | | | | |
| 24 | Head Storekeeper | 3 | 0 | 1800 | ६५,२९० | | | | | | | |
| 25 | Housekeeping Supervisor | 3 | 0 | 1200 | ४३,५२५ | | | | | | | |
| 26 | hygiene and safety | 3 | 0 | 3000 | १०८,८१५ | | | | | | | |
| 27 | Khaleeji Cook | 3 | 0 | 4000 | १४५,०८५ | | | | | | | |
| 28 | KITCHEN HELPER/CLEANER | 20 | 0 | 1000 | ३६,२७० | | | | | | | |
| 29 | Laundry Man | 15 | 0 | 1000 | ३६,२७० | | | | | | | |
| 30 | Laundry superviser | 3 | 0 | 1800 | ६५,२९० | | | | | | | |
| 31 | Location Manager | 5 | 0 | 3800 | १३७,८३० | | | | | | | |
| 32 | Maintenance Helper | 3 | 0 | 1200 | ४३,५२५ | | | | | | | |
| 33 | Maintenance Supervisor | 3 | 0 | 2800 | १०१,५६० | | | | | | | |
| 34 | Maintenance Technician/Assistant | 2 | 0 | 2200 | ७९,७९५ | | | | | | | |
| 35 | MASON | 3 | 0 | 1800 | ६५,२९० | | | | | | | |
| 36 | Night Shift Technician | 2 | 0 | 2200 | ७९,७९५ | | | | | | | |
| 37 | Office Boy/Clerk | 10 | 0 | 1000 | ३६,२७० | | | | | | | |
| 38 | PAINTER | 3 | 0 | 1900 | ६८,९१५ | | | | | | | |
| 39 | Pastry Man | 4 | 0 | 2600 | ९४,३०५ | | | | | | | |
| 40 | Pest/Vermin Controller | 5 | 0 | 1200 | ४३,५२५ | | | | | | | |
| 41 | PLUMBER | 3 | 0 | 1900 | ६८,९१५ | | | | | | | |
| 42 | Recreation Officer | 4 | 0 | 1867 | ६७,७२० | | | | | | | |
| 43 | RFJD System Clerk | 4 | 0 | 1200 | ४३,५२५ | | | | | | | |
| 44 | Room Boys | 30 | 0 | 1200 | ४३,५२५ | | | | | | | |
| 45 | Salad Maker/Grade Manager | 7 | 0 | 1200 | ४३,५२५ | | | | | | | |
| 46 | shop keeper | 3 | 0 | 1000 | ३६,२७० | | | | | | | |
| 47 | Store Helper | 3 | 0 | 1000 | ३६,२७० | | | | | | | |
| 48 | storekeeper | 7 | 0 | 1200 | ४३,५२५ | | | | | | | |
| 49 | Tailor | 2 | 0 | 1000 | ३६,२७० | | | | | | | |
| 50 | Tandoor Bread Maker | 3 | 0 | 1000 | ३६,२७० | | | | | | | |
| 51 | waiter | 20 | 0 | 1000 | ३६,२७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ ११ गते (25th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9802356846, 9802356847, 9863194839
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## निर्देशकको भूमिकामा प्रधानमन्त्री !

प्रधानमन्त्री पुष्पकमल दाहाल निर्देशकको भूमिकामा देखिन थालेका छन् । विज्ञहरूका अनुसार प्रधानमन्त्रीको काम समन्वय गर्ने र समस्या परेका ठाउँमा समाधान निकालिदिने हो । तर दाहाल शृंखलाबद्ध निर्देशन दिएर विवादमा आउने काममात्र गर्छन् ।

पछिल्लो उदाहरण नै हेरौं न, विद्युत् प्राधिकरणको बक्यौता नतिरेको उद्योगीको लाइन काट्न निर्देशन दिए, केही दिनमै काटिएको लाइन जोड्न निर्देशन दिनेगरी सतहमा ओर्लिए । रमाइलो कुरा त के भयो भने पहिलो निर्देशन तुरुन्तै कार्यान्वयन भयो भने कार्यान्वयन हुन धौधौ भयो ।

मन्त्रिपरिषद्बाटै निर्णय गरेर ल्याएको निर्देशन कार्यान्वयन गर्न नसक्ने प्रधानमन्त्रीको हैसियत उनले अर्को बनाएका छन् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा । ६८ कर्मचारी हटाउने उनको निर्देशन मन्त्रिपरिषद्को कार्यालयले अझै कार्यान्वयन गर्न मानेको छैन । एकपछि अर्को निर्देशन असफल भइरहेको प्रधानमन्त्रीले बुधबारमात्र तीनवटा निर्देशन दिन भ्याए । दाहालले बुधबार 'भिजिट भिसा'मा विदेश जानेहरूको गुनासो सम्बोधन गर्न, सहकारीका समस्या समाधान गर्न र प्रहरी समायोजनको प्रक्रिया छिटो टुंग्याउन निर्देशन दिएका हुन् ।

गृहमन्त्री नारायणकाजी श्रेष्ठ, श्रममन्त्री शरतसिंह भण्डारी, मुख्यसचिव वैकुण्ठ अर्यालसहितका उच्च अधिकारीसहितको बैठकमा प्रधानमन्त्रीले भिजिट भिसा र श्रम स्वीकृति लिएर विदेश जाने नेपालीलाई विमानस्थलमा सास्ती झेल्नुपरेको गुनासो आएको भन्दै त्यस्ता काम तत्काल बन्द गर्न निर्देशन दिए । यो विषयमा गएको पुस २६ गते गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि निर्देशन दिएका थिए ।

त्यस्तै सहकारीमा देखिएका समस्या समाधान गर्न उनले सहकारीसम्बन्धी अहिले कार्यरत नियामक संस्थाहरूलाई राम्रा, संकटमा रहेका र डुबेका सहकारीका रूपमा वर्गीकरण गरी प्रतिवेदन पेस गर्न निर्देशन दिए । यही विषयमा गएको पुस २३ गते पनि अर्थमन्त्रीसहितका अधिकारीलाई बालुवाटारमै बोलाएर निर्देशन दिएका थिए ।

बुधबार नै प्रधानमन्त्रीले प्रहरी समायोजनको प्रक्रिया छिटोभन्दा छिटो टुंग्याउन पनि निर्देशन दिन भ्याए । प्रधानमन्त्रीले नेपाल प्रहरी (प्रदेश प्रहरी कार्यसञ्चालन र समन्वय) ऐन २०७६ जारी भएको लामो समय बित्दासमेत समायोजन अघि नबढेको भन्दै १५ दिनभित्र समायोजनको प्रक्रिया टुंग्याउन निर्देशन दिएका हुन् । यो निर्देशन पनि नयाँ भने होइन । दाहालले मंसिर १ गते तनहुँको आबुखैरेनीमा भएको कार्यक्रममा पनि प्रधानमन्त्रीले केही दिनभित्रै प्रहरी ऐन आउने गरी निर्देशन दिएको बताएका थिए । तर प्रधानमन्त्रीका निर्देशन केवल निर्देशनमै सीमित रहेका छन् । उनले हरेक दिनजसो विभिन्न विषयमा निर्देशन दिए पनि नतिजा भने देखिन मुश्किल देखिएको छ ।

मनन्योग्य

### विदुर नीति

जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्मण पुत्रले द्रौपदीको स्वयम्वरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो। त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो।

जनचाहनालाई प्रबल आधार बनाएर पुत्रमोहले समेत अन्धो भएका राजा धृतराष्ट्रलाई सम्झाएर कुलवधू द्रौपदीसहित कुन्ती र उनका छोरा पाण्डवहरूलाई हस्तिनापुरमा बोलाउन लगाउनु र औपचारिकतापूर्वक उनीहरूको स्वागतमा तयार गराउनुजस्तो बुद्धि चातुर्यको काम विदुरले नै पूरा गरेका थिए। विदुर सुरुदेखि अन्तसम्म कुरु राज्यप्रति निष्ठावान् रहेका थिए । उनी सदैव निर्भिकतापूर्वक धर्मको नै पक्ष लिने गर्दथे। उनी धर्मपारायण हुन् भन्ने कुराको प्रमाण अरू के हुन सक्ला र जबकि युद्ध रोकियोस् भन्ने उद्देश्यले अन्तिम प्रयास 'गर्न पाण्डवहरूको दूत बनेर आएका यादव नरेश श्रीकृष्णले दुर्योधनका राजमहलको आतिथ्य स्वीकार नगरी विदुरकहाँ (एउटा दासीपुत्रको घरमा बस्न उचित ठान्नुभयो। त्यसैले विदुलाई महात्मासमेत भनिँदै आएको छ।

विदुरले आफ्नो जिन्दगानीभरि नै धर्म (नीति) को पालना गरे। महाभारतमा अनेकौं नीतिशास्त्रकारका नीतिहरू संकलित छन्। यिनमध्ये पाण्डवका पुरोहित धौम्यका सेवानीति, कणिक भारद्वाजको कूटनीति प्रख्यात छन्। महात्मा विदुरले धृतराष्ट्रलाई भनेको कुरा (उपदेश) अत्यन्तै मार्मिक र अनौठा छन्। विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्वहरूको विवेचना गरिएको छ। साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ। सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ।
क्रमशः



# गुठीको सम्पत्ति कति छ भन्ने अभिलेख छैन

नेपालको मौलिक पहिचानका रूपमा गुठी व्यवस्था स्थापित छ । मुलुकको कला संस्कृति, धर्म, जात्रा, पर्वको जगेर्नाका लागि स्थापना भएको गुठी संस्थानको आफ्नै महत्त्व र विशेषता पनि रहेको छ । साधन र स्रोतको अभावका कारण पनि अपेक्षित रूपमा संस्थानले काम गर्न सकेको छैन । यद्यपि, प्रयासहरु भने नभएका होइनन् । आफ्नै सम्पत्ति के कत्ति छ भन्ने कुराको भेउसमेत संस्थानले पाउन सकेको छैन । जग्गा प्रशासन पनि यसमा जोडिएर आएको छ । अनेक विवादका पाटा र पक्ष पनि संस्थानको परिचय बन्दै आएको छ । यसै सन्दर्भमा गुठी संस्थानका अध्यक्ष **डा. शिवराज पण्डित**सँग राष्ट्रिय समाचार समिति (*रासस*)का समाचारदाता **रमेश लम्साल**ले गरेको कुराकानीः

**डा. शिवराज पण्डित**
**अध्यक्ष, गुठी संस्थान**

**मुलुकको कला, संस्कृति, सभ्यताको जगेर्ना गर्ने उद्देश्यका साथ स्थापना भएको गुठी संस्थानको नेतृत्व सम्हाल्नुभएको झण्डै एक वर्ष भएको छ । यस अवधिमा आफूले के कस्ता कार्य सम्पादन गरेँ भन्ने ठान्नुहुन्छ ?**

नेपालका सार्वजनिक संस्थाहरूमध्ये सबैभन्दा पुरानो संस्था हो गुठी संस्थान । यसलाई सबैभन्दा धनी संस्थाका रूपमा पनि चिनिन्छ । मूर्त-अमूर्त सम्पदाको संरक्षण गर्ने दायित्व पनि यसैको हो । यो संस्था विगतको एउटा कालखण्डमा स्थापना भयो । हामीले इतिहास हेर्‍यौं भने प्राचीनकालदेखि नै यस संस्थाले यो वा त्यो रूपमा काम गरेको पाइएको छ । यसले अनेक आरोहअवरोह पार गर्दै आएको छ । नेपालको राजनीतिक परिवर्तनसँगै गुठी परम्परालाई हेर्ने, बुझ्ने कुरामा पनि बदलाव आएको छ । कुनै पनि संस्थाको आत्मगत स्थिति भने बलियो हुनुपर्छ । स्पष्ट दृष्टिकोण हुनुपर्छ । त्यसका कर्मचारीको त्यही खालको व्यवहार हुनुपर्छ ।

संस्थाको नेतृत्व लिने पदाधिकारीलाई सहयोग गर्ने र काममा सहजीकरण गर्ने खालको संयन्त्र पनि हुनुपर्छ । त्यही खालको नीति र संरचना पनि हुनुपर्छ । देश संघीय संरचनाअनुसार अगाडि बढिरहेको अवस्थामा राज्यले त्यस अनुसारको ऐन बनाउन सकेको छैन । कर्मचारीको संख्या पनि कम छ । नियमावलीहरू बनिराखेको अवस्था छैन । नीति र कर्मचारीको संख्या कम हुँदाहुँदै पनि मैले केही गर्नुपर्छ है भनेर धरातलीय यथार्थअनुसार अगाडि बढ्नुपर्छ भनेर केही काम अगाडि बढाएको छु । गुठीले विगतमा गरिआएको काममा केही मात्रामा भए पनि क्रमभंगता गर्ने प्रयास गरे यसबीचमा ।

संस्थाको वार्षिक नीति तथा कार्यक्रममार्फत केही रचनात्मक खालका कार्यक्रम अगाडि बढाएका छौं । हामीले विशेषगरी कोशी पूर्व, मध्यनेपाल र पश्चिम नेपाललाई केन्द्रमा राखेर गुठी परम्परासँग जोडिएको धार्मिक सम्मेलनको आयोजना गरिएको छ । लुम्बिनी, बाग्लुङ र खप्तडमा पनि त्यस्तो सम्मेलन आयोजना गरिएको छ । गुठी भन्नेबित्तिकै मठमन्दिरको जगेर्ना गर्ने भन्ने कोणबाट मात्रै हेर्‍यौं । त्योसँग जोडिएको जात्रा पर्वसँगै जमिनको उपयोग गरेर देशले अगाडि बढाएको आर्थिक समृद्धिको पाटोलाई पनि सम्बोधन गर्नुपर्ने हुन्छ । त्यसलाई पनि हामीले कृषि र भूमिको विकास गर्ने गरी अभियान सुरु गरेका छौं । हाम्रो अथाह सम्पत्तिका रूपमा भूमि रहेको छ । हाम्रो सम्पत्ति के कति छ भन्ने कुरा हामीलाई नै थाहा छैन । यो आफैंमा लाजमर्दो कुरा पनि हो । यसका केही बाध्यता र सीमा पनि छन् । काठमाडौंपछि बढी गुठी भएको क्षेत्र तराई मधेस हो । मधेसका दुई/तीनवटा जिल्लालाई नमूना गरेर भूमिसम्बन्धी विषयमा अध्ययन गरौं भन्ने छ । हाम्रो मठमन्दिरका नाममा रहेको जमिनमा गरिएको खेती प्रणाली के कति आधुनिक छ भन्ने बारेमा हामीले अध्ययन सुरु गरेका हौं । त्यसका लागि कृषि विज्ञहरूको समूहलाई परिचालन गर्ने गरी बजेटको विनियोजन गरेका छौं । कार्यविधि बनाएर हामीले विज्ञसँग छलफल पनि गर्‍यौं । हामी कार्यान्वयनको चरणमा छौं ।

हाम्रा देशभर नौवटा शाखा कार्यालय र ७१ जिल्लामा गुठी छ । मालपोत कार्यालयहरूमार्फत हाम्रा कामहरू हुन्छन् । मालपोत कार्यालयका अधिकृत, स्थानीय सरकार, अन्य सरोकारवाला राखेर हामीले सातवटै प्रदेशमा राजस्व संकलन गर्ने, जग्गा, मठमन्दिरको उपयोगको विषय, अन्य संरक्षणको विषय, व्यवस्थापन कसरी गर्न सकिन्छ भनेर विशेष कार्यक्रम गर्ने गरी तयारी गरिएको छ ।

**गुठी भन्नेबित्तिकै विवाद, आर्थिक अपारदर्शिता, अनियमितता र कानुनले बर्जित गरेका विषयहरू बढी सुनिन आउँछ, त्यसलाई नियन्त्रण गर्नका लागि के कस्ता प्रयासहरू गरिरहनुभएको छ ?**

यो आममानिसको बुझाइ हो । यो संस्थाको सेवासँग जोडिएको विषय पनि हो । धेरै सम्पत्ति भएको सार्वजनिक संस्थाको हिसाबले पनि व्यवस्थित नभएको संस्था हो । हिजोदेखि नै गुठीको इतिहास हेर्‍यौं भने २०१९ सालको संविधानले नै राज्य कोष र गुठी कोष भनेर छुट्याएको थियो । हालको संविधानले पनि राजस्व र देवस्वःका रूपमा यसलाई मान्यता दिएको छ । कर्मचारीतन्त्रमा पनि समस्या छ । राजनीतिककर्मीमा पनि समस्या छ । हामीमा पनि त्यही अवस्था छ । नीतिगत अस्पष्टता पनि छ । संघीय संरचनाअनुसारको ऐन नबन्दा समस्या पैदा भएको छ । क्षेत्राधिकारको समस्या छ । स्थानीय सरकारले हाम्रो क्षेत्राधिकार भन्छ । प्रदेश सरकारले आफ्नो भन्छ, संघीय सरकारले त झनै आफ्नो भन्ने भई नै हाल्यो । संस्थान संघअन्तर्गतकै संस्था हो । नयाँ ऐन बन्नुपर्‍यो, तर त्यसमा काम हुन सकेको छैन । नीतिगत अस्पष्टताले पनि समस्या खडा गरेको छ । हामीसँग कर्मचारी कम भएकाले जुन हिसाबले सेवा प्रदान गर्नुपर्ने हो त्यो हुन सकेको छैन । सेवामा चुस्तता र पारदर्शिता गराउने सवालमा जटिलता पैदा भएको छ ।

**गुठी संस्थानसँग भएको सम्पत्तिको अवस्था पत्ता लगाउने दायित्व तपाईंहरूको होइन, किन त्यसतर्फ काम गर्नुभएको छैन ?**

यस विषयमा धेरै ठाउँबाट सोधनी हुने गरेको छ । केही सञ्चारमाध्यमले पनि यस प्रश्न उठाएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पनि यस विषयमा जिज्ञासा उठ्ने गर्छ । गुठीको सम्पत्तिका बारेमा भने केही गर्न सकिएको छैन । ७१ जिल्लामा हाम्रो गुठी छ भने ७१७ वटा मठमन्दिर छन् । पाटीपौवा ६४७ वटा छन् । पोखरी १५९ वटा छन् । दुई हजार २७३ वटा राजगुठी छन् । रेकर्ड भएका विषय त यत्ति छन् भने रेकर्डमा नभएका के कति होलान् भन्ने विषय अहम् छ । सीमित स्रोतका कारण यसलाई अभिलेखीकरण गरेर व्यवस्थित गर्न सकेका छैनौं । यसतर्फ सरकारको ध्यान गएको छैन । राज्यको स्रोत परिचालनका हिसाबले राजस्व र देवस्वको विषय आउँछ । राजस्वका लागि साधन र स्रोत परिचालन भएको छ तर देवस्वका लागि भने केही हुन सकेको छैन । हाम्रो बजेट भने ७३ करोड रूपैयाँ बराबरको मात्रै छ । खर्बौंको सम्पत्ति भए पनि परिचालन हुन सकेको छैन । ४६ करोड रूपैयाँजतिको दायित्व त अनिवार्य दायित्व नै हो । जात्रा पर्वको दायित्व पनि यस संस्थानको नै हो । दायित्व धेरै भए पनि स्रोत भने कमजोर छ । दुई वर्षदेखि विनियमावली बन्न नसक्दा जनशक्ति व्यवस्थापन गर्न सकिएको छैन । भइरहेको जनशक्ति पनि प्राविधिक छैन ।

**गुठीको सम्पत्ति मालपोत र नापीका कर्मचारीको मिलेमतोमा बिक्री वितरण भएको भनेर व्यापक गुनासो र नियमनकारी निकायमा उजुरी पनि परेको अवस्था छ । जुन किसानले गुठीको जग्गा वा सम्पत्ति कमाएको छ उसले पनि त्यस्तै गरेको भन्ने आरोप छ । यसलाई व्यवस्थापन गर्न संस्थानले नसकेको भन्ने आरोप नि ?**

नैतिक विषयलाई कानुनले निर्देशित गर्न सक्दैन । देवस्व खानु हुँदैन भन्ने कुरा नैतिक पक्ष हो । नैतिक धरातल खस्केर गएको अवस्था छ । नैतिकता, इमानदारिता, धर्म भनेको कुरा कमाई खाने माध्यम बन्यो । तराई मधेसका जानकी मन्दिर, मोतिहानीजस्ता मन्दिरमा ठूलो विवाद छ । त्यहाँ व्यवसाय छ । मान्छे आफैं धार्मिक छैन । नैतिकता हराउँदै गयो । पूर्वीय दर्शनमा पाप र धर्मको विषय कमजोर भएर गएको अवस्था छ । नैतिकता, इमान्दारिता, सदाचारजस्ता विषय कमजोर बनेको छ । मानिसलाई पाप, धर्म, राजस्व र देवस्व भन्ने केही होइन भन्ने परेको छ । कानुन पालनामा समस्या छ । मन्दिरको नियमन र विकास गर्ने संस्थालाई गरिने व्यवहार पनि कमजोर छ । यो विषय राज्यको व्यवहारसँग जोडिन्छ । सार्वजनिक संस्था भएर पनि राज्यको नेतृत्व लिनेले विशेष ख्याल गर्नुपर्छ ।

**तपाईंहरूको उपस्थिति केही जात्रा, केही पर्वमा मात्रै सीमित भएको देखिन्छ । संस्थानले गर्नुपर्ने कामसमेत पूरा गर्न नसकेको भनेर बारम्बार प्रश्न उठ्ने गरेको छ, यसलाई कसरी लिनुभएको छ ?**

जात्रा पर्वमा सहयोग गर्ने संस्था नै हामी नै हौं । जात्रा, पर्व महँगो हुँदै गयो । स्रोत भने कमजोर भयो । पर्वको आकार बढ्दै गयो । बजार भाउ बढ्दा त्यसको प्रभाव जात्रा र पर्वमा पर्‍यो । हाम्रो स्रोत भने कमजोर हुन पुग्यो । मागअनुसारको आपूर्ति गर्नुपर्ने हो, त्यो हुन सकेको छैन । हामीले साधन र स्रोतले भ्याएसम्म गरिरहेका छौं । काठमाडौंको जात्रा, पर्व, हाम्रो मौलिक संस्कृतिसँग जोडिएको विषय हो, हाम्रो परिचय पनि हो । पर्यटक आकर्षित गर्ने माध्यम पनि भएकाले जात्रा र पर्वलाई हामीले विशेष महत्त्व नै दिएका छौं ।

**गुठीसँग जोडिएका सार्वजनिकस्थलहरू व्यावसायिक प्रयोजनमा ल्याइएका छन् । अधिकांश स्थानमा व्यवसाय विस्तार हुँदै जाने तर संस्थान भने दुब्लाउँदै जाने अवस्था कसरी सिर्जना हुन पुग्यो त ?**

गुठी संस्थानको आम्दानी भनेकै हामीले भाडा लगाएको जग्गाबाट आउने आम्दानी हो । स्रोतको मुख्य आधार भनेको भाडा नै हो । जग्गा जमिनको जग्गा जमिनको अनुपातमा आम्दानी भएको छैन । विवादको कारण सबै जग्गा हामीले भाडा लगाउने अवस्था छैन । पर्यटन मन्त्रालयअन्तर्गत गठन भएका विकास समिति र कोषहरूले पनि काम गरिरहेका छन् । स्थानीय सरकार र हामीबीच संरचनागत विवाद छ । स्थानीय सरकारले हाम्रो जिम्मेवारी क्षेत्र हो भन्छ । जग्गामा अनियमितता गर्ने समूह पनि यसमा क्रियाशील छ । गुठीको जग्गा व्यक्तिगत फाइदाका लागि प्रयोग भएका छन् । व्यवस्थित रूपले तिनको उपयोग गर्न सकेका छैनौं ।

**गुठीमा विचौलिया हाबी भए, संस्थानले गर्नुपर्ने काम पनि गर्न नसकेको हो कि ?**

हरेक संस्था वा निकायभित्र विचौलिया छन् । उनीहरू अनेक तवरले प्रभाव पारिरहेका छन् । माथि बस्ने हामीले थाहा पाउन सकेका छैनौं । यस्ता विषय भइरहेको हुन्छ तर प्रमाणमा आउँदैन । सबै जिम्मा गुठी संस्थानको पनि होइन । अन्य नियमनकारी निकाय पनि छन् । हामीले सबै दायित्व निर्वाह गर्न नसकेको चाहिँ यथार्थ हो ।

**जग्गाको अतिक्रमण भएको, मोहीले पनि उचित भूमिका पाउन नसकेको समस्यालाई समाधान गर्न के-कस्ता उपाय अवलम्बन गरिरहेको छ ?**

हाम्रोमा रैतानी, तैनाथी र गुठी अधीनस्थ गरेर जग्गाको प्रकार छ । रैतानी गुठीको जग्गा निश्चित रकम तिरेर आफ्नो बनाउन सके उहाँहरूलाई समस्या छैन । सर्वोच्च अदालतले आदेश जारी गरेर ऐन बनाऊ भनेको अवस्थामा गुठी अधीनस्थ जग्गालाई व्यवस्थित गर्न जरुरी छ । अदालतले नयाँ ऐन बनाऊ भन्यो, नयाँ ऐन बनेको छैन । त्यसमा विभेद छ । रैतानी बनाउनेले सुविधा पाए । अब मोही लागेको जग्गा व्यवस्थित गर्न सम्भव छैन । बोर्डको अधिकार क्षेत्रभित्र पर्दैन । हामीले मोहीको समस्या समाधान गर्न सकेका छैनौं ।

**नयाँ ऐन बनाउने प्रक्रिया कहाँ पुगेको छ ? विगतमा सरकारले ल्याएको ऐनको विपक्षमा ठूलो प्रदर्शन पनि भएको थियो । तालुकदार मन्त्रालयले के-कस्तो तयारी गरिरहेको छ ?**

ऐन बनाउने सवाल राज्यको हो । यो विभागीय मन्त्रालयको चासोको विषय हुनुपर्छ । हामीले प्रधानमन्त्री र विभागीय मन्त्रीलाई भनेका छौं । ऐन निर्माण गर्छौं भनेर विश्वास दिलाउनुभएको छ । यो जग्गा प्रशासनको विषय मात्रै होइन, आस्थाको विषय हो । यो सार्वजनिक सरोकारको विषय हो । गुठी ऐन नबन्दा मठमन्दिर व्यवस्थापन गर्न समस्या भएको छ । जग्गाको अभिलेखीकरणमा पनि समस्या भएको छ ।

**गुठी र यस क्षेत्रसँग जोडिएका समस्या समाधान गर्नका लागि के-कस्ता काम गर्नुपर्ने देख्नुहुन्छ ?**

परोपकारी, असल नियमले अग्रजले सामाजिक, धार्मिक, जात्रा पर्वका लागि गुठी स्थापना गर्नुभयो । सन्दर्भ परिस्थिति हिजो र आज परिवर्तन भयो । राज्यले नियम कानुन बनाइदिएर काम गर्ने वातावरण बनाइदिनुपर्छ । यसका लागि जतिसक्दो छिटो नयाँ ऐन ल्याइनुपर्छ । त्यसपछि मात्रै यसमा देखिएका समस्या समाधान हुने छन् ।

# प्रभाव दैनिक

बिहीबार ४, माघ २०८० (Thursday, January 18, 2024)





### गोपीकृष्ण हललाई महानगरको ७ दिने ताकेता

काठमाडौं महानगरपालिकाले गोपीकृष्ण सिनेमा हललाई बक्यौता कर तिर्न ७ दिनको समय दिएको छ । महानगरले बुधबार चाबहिलस्थित गोपीकृष्ण सिनेमा हललाई ७ दिनभित्र आर्थिक वर्ष २०७८र७९ देखि तिर्न बाँकी मनोरञ्जन, व्यवसाय, सम्पत्ति र अन्य कर तिर्न समय दिएको हो । नगर प्रहरीसहितको टोली गएर दुई आर्थिक वर्षभन्दा बढी समयको कर तिर्न र यसबिच कति चलचित्र हेरेको, कति वटा शो भए त्यसको पनि विवरण माग गरिएको छ । हल सञ्चालकले अटेर गरे आर्थिक ऐनअनुसार कारबाही गर्ने महानगरले चेतावनी दिएको छ ।



# यम बराल र विश्वको सहकार्य ‘साथी’ सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक यम बराल र विश्व नेपालीको स्वरमा रहेको गीत ‘साथी’को भिडियो सार्वजनिक भएको छ । बुधबार विश्वज्योती हल जमलमा आयोजित एक कार्यक्रमकाबीच भिडियो सार्वजनिक गरिएको हो । भिडियोमा सन्जीत भण्डारी र मेग सुवेदीको अभिनय छ । भिडियोमा बाल्यकालदेखि वयस्क अवस्थाका साथीको कथालाई प्रस्तुत गरिएको छ । स्वदेश होस् या विदेश जो जहाँ भए पनि साथीको मित्रता असल हुन्छ भन्ने सन्देश भिडियोमा छ ।

कुवेर तामाङको निर्देशन रहेको भिडियोमा बुद्ध थापा एण्ड टिमको छायांकन, विवेक सुनारको सम्पादन छ । सेजल एण्ड सिस्टरको प्रस्तुतीमा निर्माण भएको भिडियो सेजल एण्ड सिस्टर युट्युब च्यानलबाट सार्वजनिक हुने कार्यक्रममा जानकारी दिइयो । गीतमा किरण के उप्रेतीको शब्द, पुष्कर सुनुवारको एरेन्ज र संगीत छ ।

कार्यक्रममा गायक यम बरालले गीतको शब्दले आफूलाई तानेकाले गीतमा विश्व नेपालीसँग सहकार्य गरेको बताए । गायक विश्व नेपाली उमेरले भाई भए पनि सिनियर र जुनियर पनि साथी हुन्छन् भन्ने सन्देश दिन गायन सहकार्य गरेको उनको धारणा थियो ।

गायक विश्वले यम बरालको गीत सुनेर आफु हुर्किएको बताउदै यमलाई गुरु मान्दै सहकार्य गर्न पाउँदा खुशी लागेको बताए । कार्यक्रममा भिडियो मोडल भण्डारी र सुवेदीले गीतले आत्मिय साथीको सम्बन्धलाई प्रस्तुत गर्ने भएकाले भिडियो पनि त्यही अनुसार बनेको र दर्शकको भावनालाई प्रतिनिधित्व गर्ने बताए ।

कार्यक्रममा चलचित्र पत्रकार संघका पर्व अध्यक्ष शान्ती प्रिय, चलचित्र कलाकार संघका पुर्व अध्यक्ष रविन्द्र खड्का, कलाकार रवि डंगोल, फिल्म निर्देशक माधव राज खरेल, फिल्म अभिनेता श्रीदेव भट्टराई, रंगकर्मी रामकाजी घिमिरे लगायतको उपस्थिती रहेको थियो ।

## अन्तर्राष्ट्रिय चलचित्र महोत्सव चैतको पहिलो साता

**काठमाडौं (प्रस)–** सातौं संस्करणको नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) चैत्रको पहिलो साता काठमाडौंमा आयोजना हुने भएको छ । आयोजक नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै निफ महोत्सव आगामी चैत्र १ देखि ५ गतेसम्म काठमाडौंमा हुने जानकारी दिएको हो । महोत्सवमा ६० देशका ५ सय बढी फिल्मबाट छनौट भएका ४० देशका ८८ फिल्म देखाइने प्रतिष्ठानले जनाएको छ । महोत्सवलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय दुई भागमा विभाजन गरी दुवै भागमा फिचर चलचित्र, लघु चलचित्र र वृत्तचित्र विधामा अवार्ड वितरण गरिने निफ आयोजक समितिका अध्यक्ष केपी पाठकले जानकारी दिए ।

महोत्सवमा अन्तराष्ट्रिय प्रतिष्पर्धा अन्तर्गत सर्वोत्कृष्ट फिचर फिल्मलाई १५ सय अमेरिकी डलर राशिसहित गौतमबुद्ध अवार्ड प्रदान गरिने आयोजकले जनाएको छ । त्यस्तै विभिन्न विधामा उत्कृष्ट फिचर चलचित्र, लघु चलचित्र र वृत्तचित्रलाई पुरस्कृत गरिने पाठकले बताए । अध्यक्ष पाठकले राम्रा धेरै चलचित्रकाबीच केही चलचित्र मात्रै छान्न सफल भएको धारणा राखे । महोत्सवका क्रममा आएका सुझावहरूलाई चलचित्र विकास बोर्डमार्फत सरकारलाई बुझाइने उनले बताए । पत्रकार सम्मेलनमा नेपाल चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले महोत्सवका क्रममा राष्ट्रिय र अन्तराष्ट्रिय समुदायबीच अनुभव आदानप्रदान हुने विश्वास व्यक्त गरे ।

# ‘मायाका रंगहरु’मा सुनिल र बुद्धि

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेता पल शाह र कुन्दन भारद्वाजको मुख्य भूमिका रहने इन्डो नेपाली फिल्म ‘मायाका रंगहरू’मा कलाकार सुनिल थापा र बुद्धि तामाङ भित्रिएका छन् । केवल तामाङको निर्माण तथा निर्देशनमा डेब्यु रहने फिल्मको मुख्य भूमिकाको लागि यी कलाकार भित्रिएका हुन् । फिल्मको छायांकन फागुन अन्तिम सातादेखि भारतको सिक्किमबाट सुरु हुनेछ ।

प्रमिस ईन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुने फिल्मको छायांकन भारतको सिक्किम, दार्जिलिङ, इलाम र काठमाडौँमा गरिनेछ । पुनम तामाङ प्रस्तुतिकर्ता रहको फिल्मको निर्माता आर.बी थाङदेन हुन् । फिल्ममा भद्र भुजेल र रामा मेहराको मुख्य सहायक निर्देशन, सौरभ लामाको डिओपी, शेखर ज्ञवालीको कथा, तारा प्रकाश लिम्बु, उर्गेन दोङ,मेचु धिमाल र दीपक शर्माको संगीत, सुष्मा सोनम, रामजी लामिछाने र कृष्ण तामाङको कोरियोग्राफी रहनेछ । फिल्मका सह-निर्माता जेनिश न्यौपाने र दिपेन्द्र चिलवाल हुन् । पर्यटन पर्वद्धनको लागि फिल्म भन्ने उद्देश्यले आफूले यो फिल्ममा निर्माण गर्न लागेको निर्देशक तामाङले बताए ।

# विल्सनको ‘लाउरे एण्ड दाउरे’ भित्रिए विजय

**काठमाडौं (प्रस)–** अभिनेता विल्सन विक्रम राईले निर्देशनमा डेब्यु गर्न लागेको फिल्म ‘लाउरे एण्ड दाउरे’मा कलाकार विजय बराल अनुबन्धित भएका छन् । निर्देशक राईले सामाजिक संजाल मार्फत फिल्ममा बराल भित्रिएको जानकारी दिएका हुन् । विल्सनका अनुसार बरालको यो फिल्ममा अहिलेसम्मकै फरक भूमिका रहनेछ ।

फिल्मको मुख्य भूमिकामा यसअघि दयाहाङ राई र बुद्धि तामाङ अनुबन्धित भइसकेका छन् । विजयको प्रवेशसँगै



फिल्ममा कलाकारको लाइनअप पनि बलियो बन्दै गइरहेको छ । फिल्ममा अभिनय गर्ने मुख्य अभिनेत्री अन्य कलाकारको केही समयमा टुङगो लाग्ने निर्माण टिमले जनाएको छ । विल्सनकै निर्माण कम्पनी तक्मे प्रोडक्सनले फिल्म बनाउन लागेको हो । कमेडी र लभस्टोरीको कथावस्तुमा निर्माण हुन लागेको फिल्मको लेखन विल्सन स्वयम्को रहेको छ । फिल्मको निर्मातामा सरिना लामा छिन् । फिल्मको संगीत अनमोल गुरुङले गर्नेछन् ।


# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAM AL-WURUD TRADING EST

पूर्व स्वीकृति मिति २०८०/१०/०२ | LT. No. 298112 | चलानी नं. ६०२१३०७७

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | SR | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1200 | ४२,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ११ गते (25th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1638/080/81

TESLA OVERSEAS PVT.LTD.

Sinamangal 9, Kathamandu, Nepal, Mobile: 9807797030, 9802353777

Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np


रंगशाला

# ‘खेलकुदको पूर्वाधार निर्माणमा प्राथमिकता दिनुपर्छ’




■ प्रभाव संवाददाता

**ललितपुर-** उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले खेलकुद क्षेत्रको विकासका साथै खेलाडीको क्षमता अभिवृद्धिका लागि खेलकुद पूर्वाधारलाई प्राथमिकता दिन जरुरी रहेको बताएका छन् ।

ललितपुर जिल्ला खेलकुद विकास समितिद्वारा आज बुद्धि विकास खेलमैदान लगनखेलमा आयोजित १४औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा उहाँले खेलकुद क्षेत्रको विकास र खेलाडीको प्रतिभा प्रस्फुटन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी तयार पार्नका लागि इमानदारी तथा जिम्मेवारीपूर्वक अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे । ‘खेल क्षेत्रको विकासका लागि खेलकुद पूर्वाधारलाई प्राथमिकता दिन जरुरी छ । आफू सरकारको जिम्मेवारीमा रहँदा यस क्षेत्रको विकासका लागि इमानदारीपूर्वक अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्न चाहान्छु’, उपप्रधानमन्त्री खड्काले भने, ‘तीनै तहको सरकार मिलेर खेलकुद पूर्वाधार निर्माण गर्नुपर्छ । यसका लागि एकताबद्ध भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्न चाहान्छु ।’ उनले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी खेलाडीलाई मित्रवत् प्रतिस्पर्धामा लाग्न आग्रह गर्दै सफलताको शुभकामना व्यक्त गरे ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य मदनबहादुर अमात्यले खेलकुदका माध्यमबाट खेलाडीले नेपालप्रतिको भावना उजागर गरेकामा हार्दिक आभार व्यक्त गरे । ललितपुर क्षेत्र नं १ का सांसद उदय शमशेर राणा, क्षेत्र नं ३ का सांसद डा तोसिमा कार्की, जिल्ला समन्वय समितिका सभापति ऋषिदेव फुँयालले बर्सेनि हुने यस्ता क्रियाकलाप र प्रतियोगिताले खेलाडीलाई आकर्षित र हौसला प्रदान गरेको बताएका थिए । उनीहरूले प्रतियोगितामा सहभागिता जनाउनु नै विजयको पहिलो सुरुवात भएको बताउँदै सफलताको शुभकामना व्यक्त गरे ।


# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGENEERING GROUP SAUDI CO. LTD

पूर्व स्वीकृति मिति २०८०/१०/०३ | LT. No. 298147 | चलानी नं. ६०२१३१३७

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | SR | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | A Builder/Construction Worker/Building Worker | 40 | 0 | 1200 | ४२,६१७ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ |  | २ वर्ष |
| 2 | Concrete Worker/Concrete Finisher | 20 | 0 | 1200 | ४२,६१७ |  |  |  |  |  |  |  |
| 3 | Construction Worker | 40 | 0 | 1200 | ४२,६१७ |  |  |  |  |  |  |  |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ११ गते (25th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.

Maharajganj-03, Basundhara, Kathmandu, Nepal

Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800

E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com

Website : www.allskillsintl.com


# पोखरा स्पोर्ट्स अवार्ड २१ वैशाखमा

**पोखरा (प्रस)–** नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गर्ने आठौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डको मिति तय भएको छ ।

मञ्चको बुधबार पोखरा रंगशालाको मिडिया सेन्टरमा बसेको ३४ औं बैठकले आगामी वैशाख २१ गते शुक्रबार अवार्ड कार्यक्रम गर्ने निर्णय गरेको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए । अवार्ड कार्यक्रमलाई भव्य बनाउन तयारीमा तीव्रता समेत दिएको उनको भनाई छ । खेलाडी तथा खेल क्षेत्रमा क्रियाशिललाई उर्जा थप्न मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको छ । अवार्ड कार्यक्रम मार्फत वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने मञ्चका अध्यक्ष दीननाथ बरालले जनाए ।



नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो । यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रूपमा स्थापना भएको थियो । देश संघीयतामा गएसँगै यसलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रूपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रूपमा विकास गरिएको छ ।


## भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चरिकोट, दोलखा

### निर्माण कार्य सम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/१०/०४

यस नगरपालिकाको तपशिल बमोजिमको निर्माण कार्य गर्न इजाजत प्राप्त योग्य फर्म/कम्पनीले रितपुर्वकको बोलपत्र विद्युतीय खरिद प्रणाली (E-Bid) मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र सम्बन्धी कागजात र विस्तृत सूचना www.bolpatra.gov.np/egp को bid Document र www.bhimeshwormun.gov.np मा हेर्न सकिनेछ । बोलपत्र सम्बन्धी कार्यविधि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ । अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

| ठेक्का नं. | ठेक्का र योजनाको नाम | लागत अनुमान (VAT बाहेक) रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र फाराम दाखिला अवधि | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| BMP/NCB/WORKS/2080-81/E/09 | Patikhola -Ukhubari Road maintenance Work | १,०३,३७,७०८/४४ | ३०००/- | २,७५,०००/- | २०८०/११/०६ गते १ बजेभित्र | २०८०/११/०६ गते २ बजे |

# सिपिआरलाई प्राप्त हुने विदेशी अनुदानमा प्रतिबन्ध

**नयाँदिल्ली–** भारतले एक प्रमुख थिंक ट्यांक (प्रवुद्ध) समूह, सेन्टर फर पोलिसी रिसर्च (सिपिआर)लाई प्राप्त हुने विदेशी अनुदान रोक्न लगाएको छ । सिपिआर अनुदान रोक्का हुने केही विदेशी परोपकारी संस्था, अधिकार समूह र अन्य नागरिक समाज समूहमध्ये सबैभन्दा पछिल्लो हो ।

सिपिआर भारतको सार्वजनिक नीतिबारे छलफल हुने प्रसिद्ध मञ्चमध्ये एक हो । यसका कर्मचारीहरू भारतीय सञ्चारमाध्यममा प्रमुख वक्ता र स्तम्भकारका रूपमा स्थान पाएका प्रबुद्ध व्यक्तित्वहरू हुन् । उनीहरूले खासगरी काश्मीरको अशान्त क्षेत्रमा राष्ट्रिय सुरक्षा नीति र शासनलगायत संवेदनशील राजनीतिक मुद्दाहरूमा सञ्चारमाध्यममार्फत दुर्लभ असहमतिको आवाज उठाएका छन् ।

सन् २०२२ मा कर विभागले छापा मारेपछि विदेशी चन्दा प्राप्त गर्ने सिपिआरको लाइसेन्सलाई गृह मन्त्रालयले अस्थायी रूपमा निलम्बन गरिसकेको छ । भारतीय राष्ट्रिय अंग्रेजी दैनिक 'द हिन्दू'ले गत बिहीबार जनाएअनुसार यसले 'समसामयिक कार्यक्रमहरू' को बारेमा रिपोर्ट प्रकाशित गरेको कारण अधिकारीहरूले लाइसेन्स रद्द गर्ने निर्णय गरेका थिए ।

